# प्राचीन तमसूक ताडपत्र

—शङ्करमान राजवंशी

ने. सं. ७९४

परिचय—

यो ताडपत्र भक्तपुर यंछेटोलका काशीराम प्रमुखका गुठीलाई राजा श्रीश्री जयजितामित्रमल्लले घरबारी निगाह गरिदिएको हो। यसमा प्रमाणित गरिदिएको माटोको सीलछाप लागेको छ। उक्त छापमा श्रीश्री जयजितामित्र मल्ल अङ्कित छ। यो पत्रमा साक्षी बस्ने माता श्रीश्री पद्मावती देवी र देवराम तथा जयचर्क्रसिंह छन्।

मूल—

१) १ स्वस्ति ।। श्रीश्री जयजितामित्रमल्लदेव प्रभु ठाकुर सनं प्रसादारपा वाति मण्डरस्मिम्,मगुथ्याया पछिमतः हाकुकस्य भूम्मेन उत्तरतः जधरमकय भूम्यन पूर्व्वतः जयरामकस्य दक्षिणतश्च एतेषामध्ये छेके

२) वभू जिमतेकुत्या १२ × यं, जिमछकु ११ तरकनछानेमर तत मार्ग्गधाला पूर्व्व सोसिमापरिभोगं, तत यथादेशकारप्रवत्तमानस्त संचारार्धेन सुवर्ण्ण पुष्पमालार्धप्रढौकिटमादाय क्रयविक्रस्वाधिने

३) न क्रयनविक्रयतं भवति ।। श्रीखप्वभूम्यां श्रीशिवगर स्थाने यंछेटोर गृहाधिवासि काशिराम प्रमुखगुथि प्रसादिकृतं अत्रार्थे साक्षि माता श्रीश्रीपद्मवतिदेवी देवराम लिखिति कायस्थ जयचर्क्रसिंह ।। संवत ७९४ भाद्रप्रदशुक्ल शुभ

अनुवाद—

कल्याण होस्। श्रीश्री जयजितामित्रमल्लदेव प्रभु ठाकुरबाट वातिमण्डल निगाह भयो। यसको साँध मगुथ्या-देखि पश्चिम हाकुको भूमिदेखि उत्तर जधरमको भूमिदेखि पूर्व जयरामदेखि दक्षिण यति मध्येको छेकेब भूमिसाढे १२ हातमा ११ हात थपियो त्यो मार्गधारादेखि पूर्व आफ्नो सीमाले चर्चिएको त्यसको यथा देशकाल चलन अनुसार उचित मूल्य चढाएको लिएर आफ्नो इच्छाले बेचबिखन भयो। श्री भक्तपुर शिवगल स्थान यंछेटोलको घरमा बस्ने काशिराम प्रमुख गुठियारलाई दिइयो। यस पत्रको साक्षी माता श्रीश्री पद्मवतिदेवी देवराम लेखक कायस्थ जयचक्र-सिंह। ने सं. ७९४ भाद्रपदशुक्ल शुभ

ने. सं. ८२०

परिचय—

यो ताडपत्रमा कान्तिपुर क्मिलाछे टोलको तुंथिछे बस्ने हेरनामायेलाई राजा भूपालेन्द्र मल्लले भूपालेन्द्रमल्ली टंका ८ लिई रभाझुरवल भन्ने ठाउँको जग्गा आधा रोपनी बेचेको कुरा छ। यसमा साक्षी श्रीश्री जयभास्कर मल्ल छन्।

मूल–

१) स्वस्ति ॥ श्रीमत्पशुपतिचरणकमलधूलिधूसरित शिरोरुह श्रीमन्मानेश्वरीष्टदेवतावरलब्धप्रसाद देदीप्यमानमानोन्नत श्रीरघुवंशावतार रविकुलतिलक-हनुमध्वज नेपालेश्वर महाराजाधिराज राजेन्द्र सकल राजचक्राधीश्वर श्रीश्रीजयभूपालेन्द्रमल्ल परम भट्टारक

२) देवानां सदा समर विजयीनां प्रभु ठाकुलसन श्रीमत्कान्तिपुरमहानगरे श्रीयंवूभूमौ कमिराछेटोरके तुथिछें गृहवास्तव्य हेरनामयिनाम्ने प्रसादीकृतं रभाझुरवल चुल २ थ्वतेया मूल भूपालेन्द्रमल्ली टंका ८ टुकास्यं विज्याङा व निस्तार चोस्यं क्रिविक्रीन प्रसन्न जुपा । प्रतिनित्य मा

३) धियात थकुल विया ।। अत्र पत्रार्थे दृष्टसाक्षि श्रीश्री जयभास्करमल्लदेवस ॥ सम्वत् ८२० चैत्रवद्वि ४ शुभ ।।

अनुवाद–

कल्याण होस् । श्री पशुपतिका चरणकमलको धूलोले कपाल फुस्रो भएका श्री मानेश्वरी इष्टदेवताको वरप्रसाद पाएका मानमर्यादाले ठूला श्री रघुवंशमा पैदा भएका रविकुलका तिलक भएका हनूमानको ध्वजा भएका श्री नेपालेश्वर महाराजाधिराज, राजामा श्रेष्ठ, सकल राजसमूहका मालिक श्रीश्री जयभूपालेन्द्र मल्ल परम भट्टारक देब सदा समरविजयी हुनुहुन्छ । प्रभु ठाकुरले श्री कान्तिपुर महानगरमा श्री यंवूभूमिमा कमला छे टोलमा तुंथिछे नामक घरमा बस्ने हेरनामयिको नाममा निगाह गरिदिइयो रभाझुरवल चुत्र २। यसको मूल्य भूपालेन्द्रमल्ली टका रू ८। लिई सुक्रीविक्रीको पत्र लेखियो । प्रतिदिन माथिलाई थकुल दिइयो । यस पत्रका दृष्टसाक्षी श्रीश्री जयभास्करमल्लदेव । ने. सं. ८२० चैत्रवदि ४ शुभ ।

ने. सं. ८२५

परिचय–

यो ताडपत्र भक्तपुर तलमढी टोलको हाकु भन्नेलाई राजा श्रीश्रीजयभूपतीन्द्रमल्लले घर निगाह गरी दिएको हो । यस घरको चार किल्ला दिएको छ। उक्त चार किल्लामा राजभूमि र गृहमार्गधारा परेको छ । यस पत्रमा साक्षी माता श्रीश्री लालमतीदेवी र हाकु भारो तथा दैवज्ञ वालकृष्ण छन् ।

मूल–

१) स्वस्ति ।। श्रीश्रीजयभूपतीन्द्रमल्लदेवप्रभु थाकुलसन– प्रसादालपा गृहमण्डिलेस्मिन श्रीश्री राजभूमेन पूर्व्वतः दक्षिणतश्च एतन्मध्य चलंगाछे धालापातचा वंओयो ओन नीयच्या

२) कुल्या २८ × यंओयेओन स्वकु ३ ततः गृहमार्गं धारापूर्व्वं सोसिमापरिभोगं ततः यथा देशकाल प्रवर्त्तमानस्तथा संचारार्घेण सुवर्ण्णपुष्पमालार्घप्रढौकिट मादाय क्रयविक्रयस्वाधिनेन क्रयण विक्रीयतं भवति ।। श्रीखप्वभूम्यां

३) श्री चण्डिगलस्थाने तलमंढिटोल गृहाधिवासिन होकु नाम्ने प्रसादिकृतं अत्र पत्रार्थे दृष्टसाक्षि माता श्रीश्री लालमतीदेवी हाकुभारो लिखिति दैवज्ञ वालकृष्णः ।। सं ८२५ वैशाषवदि ९ शुभं ।।

अनुवाद–

स्वस्ति श्रीश्री जयभूपतीन्द्रमल्लदेव प्रभु ठाकुरबाट निगाह भएको यस गृहमन्दिर श्रीश्री राजभूमिदेखि पश्चिम ग्राहकको घरदेखि उत्तर श्रीश्री राजभूमिदेखि पूर्व र दक्षिण पनि यस मध्येको चलंगाछे धालापात पूर्वपश्चिम साढे २८ हात उत्तर दक्षिण ३ हात घरको गृहमार्ग धाराको पूर्व आफ्ना सीमासम्म भोगचलन गर्नु भनी त्यसको देशकाल चलन अनुसार उचित मूल्य लिएर सुक्री विक्री भयो । श्री भक्तपुर चण्डिगलस्थान तलमंढी टोल बस्ने हाकुलाई

निगाह भयो। यस पत्रका दृष्टसाकी माता श्रीलालमती देवी हाकु भारो लेखक दैवज्ञ बालकृष्ण। संवत् ८२५ वैशाखवदि ९ शुभम्।

नें. सं. ९६९

परिचय–

यो लिखितपत्र कान्तिपुर तंलछे टोल नास्वननीमा बस्ने पुनाराम माझीले सोही टोल नास्वननीको मनिकृष्ण कुसि भारोलाई साढे २६ रुपियाँमा नास्वननीमा रहेको लगापात जग्गा घरसारबाट बेची गरिदिएको हो। दस्तुर तिरी पास गर्नुपर्छ भनी यसमा उल्लेख गरेको छ। लगापात जग्गाको नाप तथा त्यसको चार किल्ला चाहिं खुलाएको छैन। केवल साक्षी बस्नेहरू मात्र दिइएको छ। त्यस बखत यस किसिमबाट लेनदेन कारोबार एवं बेचबिखन हुँदोरहेछ भन्ने यसले देखाएको छ।

मूल–

सम्वत् ९६९ फाल्गुणशुदि ८ ग्राहक तवलाछे टोलया नास्वननिया मनिकृष्ण कुसि भारोन स्वहस्तन पातालभू शिवकार याङाव काया धार्णाक स्वटोलया स्वननिया पुनाराम माझिन स्वहस्तन पातालभू शिवकार याङाव विया तस्य भरण अधलिसिका थान नियखु तकाया २६॥ सिकाया मोह मूकं तस्याकस्य धार्णकया नास्वननि चोगु पातालभू धार्णकया अधिकालदको सपायन निवकाल याङाव काय धुनो विय धुनो भफलि फछा जुरो लिछु हछु मदुतो काया विया पार जुो——दस्तुर पुलाव मोहर कायमाल थ्वतेया दृष्ट साक्षि धार्णकया काय देवीशंखर माझि दृष्ट साक्षि धार्णकया ससुकिजा स्वटोलया सिंघवीर माझि लिखित दैवज्ञ गयानाराम॥ शुभम् ॥ ७॥

अनुवाद–

नें. सं ९६९ फाल्गुनशुक्ल ८ मा ग्राहक तवलाछे टोलको नास्वननीको मनिकृष्ण कुसि भारोले आफ्नै हातले पापाल भूमि स्वीकार गरी लिइयो। ऋणी सोही टोलका सोही ननीको पुनाराम माझीले आफ्नै हातले पाताल भूमि स्वीकार गरी दिइयो। त्यसको मूल्य अधलि सिक्का थान साढे २६ सिक्काको मोहरै मोहर राखेर त्यस ऋणीको नास्वननीमा रहेको पाताल भूमि जग्गा ऋणीको अधिकार रहे जति सबै छिनेर लिइयो दिइयो मोल फछ्या भयो लेनदेन बाँकी नराखी लिइयो दिइयो। दस्तुर तिरेर मोहर पत्र लिनुपर्छ। यसको दृष्टसाक्षी ऋणीको छोरा देवीशंखर माझि ऋणीको शाला सोही टोलको सिंघवीर माझि लेखक दैवज्ञ गयानाराम॥ शुभम्॥

नें. सं. ९६९

परिचय–

यो लिखित पत्र कान्तिपुर तंलाछेटोल नास्वनीमा बस्ने पुनाराम पुतवार र भानाराम पुतवार दुई जना फुकीले नास्वदेवतातिर रहेको लगापात जग्गा सोही टोल नास्वननीमा बस्ने मनिकृष्ण कुसि भारोलाई २४ रुपियाँमा बेची गरिदिएको हो। यसमा पनि दस्तुर तिरी पास गर्नुपर्छ भनी उल्लेख गरेको छ। जग्गाको नाप तथा चार किल्ला खुलाएको छैन। केवल साक्षी बस्नेहरू मात्र दिइएको छ। अघिल्लो पत्रमा पुनारामलाई माझी भनिएको छ। यसमा चाहिं पुतुवार भनिएको छ। यसबाट माझीलाई पुतुवार भन्दो रहेछ भन्ने थाहा हुन्छ। मनिकृष्णलाई चाहिं कुसिभारो भनिएको छ। कुसिभारो भनेको तल्लो खालको भारो जस्तो बुझिन्छ।

मूल–

श्री३राजत

सम्वत् ९६९ भाद्रवदि ५ ग्राहक तवलाछे टोलया नास्वननिया मनिकृष्ण कुसि भारोन पातालभू शिवकार याङाव काया धार्णक स्वटोलया स्वननिया आदेशनं चोङ ह्मा पुनाराम पतुवार भानाराम पतुवार नेह्म फुकिजन स्वहस्तन पाताल भू शिवकार याङाव विया तस्य भरण अधलिसिका थान नियपेतका सिका २४ या मोह मुकं तस्याकस्य धालनकया

लुछेया पातालपूभु नास्वद्दैव कोस्वगु पाता भू धार्णकया अधिकालदको चोकननि सागासमन सपायन शिवकार याङाव कायधुनो वियधुनो फनिफछा जुरो लिचुहचु मदुतो काया विया पार जुरो फछा जुगो ।……… दस्तुर पुलाव मोहरं कायमाल ध्वतेया दृष्टसाक्षि धार्णकया दारिक फुकिज कायचा प्रभुनारा पतुवार काय शिवनरसिं पतुवार लिषित दैवज्ञ गयानारा ।। शुजम् ।।

अनुवाद–

ने. सं. ६६६ भाद्रवदि ५ मा ग्राहक तवलाछे टोलको नास्वननीको मनिकृष्ण कुसिभारोले पाताल भूमि स्वीकार गरी लिइयो । ऋणी सोही टोलको सोही ननीको आदेशले वसेको पुनाराम पुतवार भानाराम पुतवार दुइ फुकीले आफ्नै हातले पाताल भूमि स्वीकार गरी दिइयो । त्यसको मूल्य अधलि सिक्का लान २४ को मोहरै मोहर राखी ती ऋणीको लुछेको पाताल भूमि जग्गा नास्वदेवता मुनिको पाताल भूमि जग्गा ऋणीको अधिकार भएजति चोक ननी रछान समेत सबै स्वीकार गरी लिइयो दिइयो र फछ्या भयो लेनदेन बाँको नराखी लिईयो दिइयो । दस्तुर तिरेर मोहर पत्र लिनुपर्छ । यसका दृष्टसाक्षी ऋणीको आफ्नै फुकी भतिजा प्रभुनारान पुतवार छोरा शिवनरसिं पुतवार लेखक दैवज्ञ गयानारान शुभम् ।